**बेलबारी नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

बेलबारी, मोरङ

# प्राविधिक सहायक सेवा करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मितिः २०७७।०५।०१)

प्रस्तुत श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय (प्रधानमन्त्री रोजगार कार्यक्रम) प.स.२०७६/०७७ च.नं. २३ को मिति २०७७।०४।१२ को पत्रानुसार रोजगार सेवा केन्द्रको लागि १ (एक) जना प्राविधिक सहायक पदमा सेवा करारमा पदपूर्तिका लागि निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले प्रथम पटक सूचना प्रकाशित भएको मितिले पन्ध्र (१५) दिन भित्र माग बमोजिमका विवरण समावेश गरी यस कार्यालयको वेबसाईट www.belbarimun.gov.np मा उपलब्ध फारम भरी अनलाईन निवेदन दिन हुन सर्वसाधारणको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिल

| विज्ञापन नं | पदरतह | सेवार समुह | आवश्यक संख्या | शैक्षिक योग्यता |
|---|---|---|---|---|
| ०२/२०७७/०७८ | प्राविधिक सहायकर पाँचौ तह | ईन्जिनियरिङ /सिभिल | १ (एक) | (क) मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल ईन्जिनियरिङ्गमा प्रविणता प्रमाण पत्र तह वा ओभरसियर वा डिप्लोमा तह उतिर्ण भएको। यदि नेपाल बाहिरको प्रमाण पत्र भए, मान्यताप्राप्त विश्वविद्यालयबाट समकक्षता निर्धारण (equivalence) गरिएको प्रमाणपत्र।<br>(ख) अनभुव र सीपः प्राविधिक सहायकमा देहायका अनभुव र सीप आवश्यक पर्नेछः-<br>• कम्तीमा ३ महिने तालिम लिई आधाभूत कम्प्यूटर सीप भएको, • पूवार्धारको निर्माण र मर्मतका |

१. उमेरः दरखास्त दिने अन्तिम दिन सम्ममा १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको हुनु पर्नेछ।

२. दरखास्त दिने स्थानः बेलबारी नगर कार्यपालिकाको कार्यालयर नगरपालिकाको वेवसाईटमा रहनेछ।

३. परिक्षाको किसिमः

(क) प्रारम्भिक योग्यताको छनौटर छोटो सूचिः शैक्षिक योग्यता, कार्यअनुभव, बेलबारी नगरपालिकामा स्थाई बसोबासलाई प्राथमिकता, कुनै पनि सरकारी संस्था वा निकायमा सम्बन्धित विषय क्षेत्रमा कार्य अनुभव आदीको आधारमा गरिनेछ।

(ख) लिखित परीक्षा र अन्तरवार्ताः छोटो सूचिमा सफल उमेदवारको लागि।

४. आवेदन साथ संलग्न कागजातहरुः आवेदक स्वंयमले प्रमाणित गरेको देहाय बमोजिम कागजतको स्क्यान गरी कागजातहरु अपलोड गर्नुपर्ने छ।

- नागरिकता
- न्युनतम योग्यताको लब्धाङ्क प्रमाणपत्र
- चारित्रिक प्रमाण पत्र
- अनुभव खुल्ने कागजात
- स्थायी बसोबास खुल्ने कागजात
- २ प्रति पासपोर्ट आकारको फोटो

५. सेवा सुविधाः तोकिए बमोजिम हुनेछ।

६. सम्पादित गर्नु पर्ने कामको विवरणः तोकिए बमोजिम हुनेछ।

७. सेवा अवधिः २०७८ असार मसान्त सम्मको हुनेछ र कार्यक्रमको अवधि थप भएमा कार्य सम्पादनका आधारमा सेवा करार अवधि नवीकरण गर्न सकिनेछ।

८. म्याद नाघि प्राप्त हुन आएका दरखास्त तथा रितपूर्वक पेश नभएका दरखास्त उपर कुनै कारवाही गरिने छैन।

नोटः आवेदन फारम र कार्य विवरण लगायत अन्य जानकारी यस कार्यालयको वेबसाईट www.belbarimun.gov.np मा उपलब्ध छ। पाठ्यक्रम लोक सेवा आयोगले तोके बमोजिम हुनेछ।

प्रमुख प्रशासकिय अधिकृत